प्रस्तावहरूः

१. अघिल्लो बैठकको समिक्षा

२. दफा १४ विभिन्न विषयगत समितिहरू गठन गर्ने सम्बन्धमा ।

३. दफा ६५ मा स्थानीय राजश्व परामर्श समितिका गठन सम्बन्धमा ।

४. दफा ६६ को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा ।

५. दफा ६७ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन र आगामी आ.व.का लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने सम्बन्धमा ।

६. फोहर मैला व्यवस्थापनका लागि संघिय सरकारबाट प्राप्त विशेष योजनालाई कार्यान्वयन गर्ने सम्बन्धमा ।

७. गाउँपालिकाबाट संचालन गर्न बाँकी योजनाहरू कार्यान्वयन गर्ने सम्बन्धमा ।

८. खजुरा गाउँपालिकाबाट गरिने योजना अनुगमन निर्देशिका २०७८ स्विकृत गर्ने सम्बन्धमा ।

९. खजुरा गाउँपालिकाको कार्य संचालन निर्देशिका २०७८ पारित गर्ने सम्बन्धमा ।

१०. निर्वाचनका कारण निर्माणमा परेको असरले समय भित्र कार्य सम्पन्न हुन नसकको योजनाहरूको म्याद थप गरि कार्य सम्पन्न गराउने सम्बन्धमा ।

११. विविधः

क) अनुगमन समिति गठन सम्बन्धमा ।

ख) निजी तथा सार्वजनिक जग्गाको माटो उत्खननका लागि कार्यविधि तयार गर्ने सम्बन्धमा ।

ग) वडा नं.६ को वडा कार्यालयको नयाँ निर्मित भवनको आवश्यक माग पुरा गर्ने सम्बनधमा ।

Scanned with CamScanner

निर्णयहरू:

निर्णय नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो निर्णय अनुसार निर्णय कार्यान्वयनमा रहेको ब्यहोरा सबैलाई जानकारी भयो ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा कार्यपालिकाले आफ्नो काम कारवाही ब्यवस्थित गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १४ बमोजिम देहायको सदस्यहरू संयोजक हुने सो विषयगत समितिमा देहाय अनुसार सदस्य रहने गरि निम्नानुसारको विषयगत समितिका संयोजक र सदस्य तोक्ने निर्णय भयो ।

तपसिल

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

| | |
|---|---|
| संयोजक श्री पूर्ण बहादुर भण्डारी | वडा नं.३ वडा अध्यक्ष |
| सदस्य श्री बल बहादुर कठायत | वडा नं.४ वडा सदस्य |
| सदस्य श्री शान्ति शाही | वडा नं.६ वडा सदस्य |
| सदस्य श्री खैरूला नाउ | वडा नं. ५ वडा सदस्य |
| सदस्य श्री अभिलाख खाँ | वडा नं.५ वडा सदस्य |
| सदस्य श्री खतमुल निसा साई | कार्यपालिका सदस्य |

ख) सामाजिक विकास समिति

| | |
|---|---|
| संयोजक श्री कृष्ण कुमारी पोखेल(वि.क.) | कार्यपालिका सदस्य |
| सदस्य श्री मैसरी पुन | कार्यपालिका सदस्य |
| सदस्य श्री रितु गिरी | वडा सदस्य वडा नं.४ |
| सदस्य श्री अमानत उल्ला खाँ | वडा सदस्य वडा नं. ८ |
| सदस्य श्री सुब्बुन धोवी चमार | कार्यपालिका सदस्य |
| सदस्य श्री हनुमान प्रसाद राढ | वडा सदस्य वडा नं. ७ |

ग) पूर्वाधार विकास समिति

| | |
|---|---|
| संयोजक श्री धनराम वली क्षेत्री | वडा नं.२ वडा अध्यक्ष |
| सदस्य श्री सुजाता कुमारी उपाध्याय मानान्धर | वडा सदस्य वडा नं.७ |
| सदस्य श्री मित्र वहादुर थापा | वडा सदस्य वडा नं.३ |
| सदस्य श्री बल वहादुर बुढाक्षेत्री | वडा सदस्य वडा नं.४ |
| सदस्य श्री अब्दुल कादीर बेहना | वडा सदस्य वडा नं.६ |
| सदस्य श्री मो.हनीफ खाँ | वडा सदस्य वडा नं. ८ |

घ) आर्थिक विकास समिति

| | |
|---|---|
| संयोजक श्री गरिबे शेष | वडा नं.५ वडा अध्यक्ष |
| सदस्य श्री यमुना घर्ति दमाई | वडा सदस्य वडा नं.६ |
| सदस्य श्री इन्द्र बहादुर राना मगर | वडा सदस्य वडा नं.३ |
| सदस्य श्री सिता कुमारी वि.क. | वडा सदस्य वडा नं.२ |
| सदस्य श्री लिला कुमारी वि.क. | वडा सदस्य वडा नं.४ |
| सदस्य श्री विष्णु सुनार | कार्यपालिका सदस्य |

Scanned with CamScanner

ङ) वन, वातावरण तथा विपद व्यवस्थापन समिति

| | |
|---|---|
| संयोजक श्री राम गोपाल यादव | वडा नं.७ वडा अध्यक्ष |
| सदस्य श्री यमदिप घिमिरे | वडा सदस्य वडा नं.६ |
| सदस्य श्री लक्षे बहादुर क्षेत्री | वडा सदस्य वडा नं.२ |
| सदस्य श्री देउमाया मगर्नी | वडा सदस्य वडा नं.३ |
| सदस्य श्री समुन्द्र चमार | वडा सदस्य वडा नं.५ |
| सदस्य श्री रामदास अहिर | वडा सदस्य वडा नं.५ |
| सदस्य श्री सुमित्रा वि.क. | वडा सदस्य वडा नं.३ |
| सदस्य श्री बालकुमारी सुनार | वडा सदस्य वडा नं.१ |

च) विधेयक समिति

| | |
|---|---|
| संयोजक श्री पार्वती कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| सदस्य श्री दिपु राना | वडा सदस्य वडा नं.१ |
| सदस्य श्री मिना कुमारी सुनार | वडा सदस्य वडा नं.२ |
| सदस्य श्री ज्ञानमति पासी | वडा सदस्य वडा नं.७ |
| सदस्य श्री मोहन थारू | वडा सदस्य वडा नं.८ |
| सदस्य श्री रामकुमार सुनार | वडा सदस्य वडा नं.१ |

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय राजश्व परामर्श समितिको सदस्यमा वडा नं.८ का वडा अध्यक्ष श्री फिरोज खाँ र कार्यपालिका सदस्य श्री विस्नु सुनारलाई स्थानीय राजश्व परामर्श समितिको सदस्य तोक्ने निर्णय भयो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ को श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा वडा नं.१ वडा अध्यक्ष श्री मनविर क्षेत्री, कार्यपालिका सदस्य सुब्बन धोवी चमार, वडा नं.२ का वडा अध्यक्ष श्री धनराम वली क्षेत्री र वडा नं.३ का वडा अध्यक्ष श्री पूर्ण बहादुर भण्डारीलाई श्रोत अनुमन तथा बजेट सीमा निर्धारण समितिको सदस्य तोक्ने निर्णय भयो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिको लागि तोकिए बमोजिमका सम्पूर्ण सदस्यहरूलाई आगामी आ.व. ०७९।०८० का लागि नीति तथा कार्यक्रम तयार गरि बजेट तर्जुमा सहित बजेट तयार गरि समय भित्रै बजेट पेश गर्ने सर्वसम्मत निर्णय भयो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा खजुरा गाउँपालिकामा फोहर मैला व्यवस्थापन स्थल निर्माणका लागि संघिय सरकारबाट प्राप्त हुन आएको विशेष अनुदानको रकमबाट खजुरा गाउँपालिका वडा नं.६ को श्री जनसेवा मा.वि. पुरैना गिजराले भाग चलन गर्दै आएको जग्गा सिट नं.०३५-११६१ कि.नं. ९ को करिब ४ विघाह क्षेत्रफल भएको जग्गालाई उक्त विद्यालय संग अनुमति लिई फोहर मैला प्रशोधनका लागि आवश्यक व्यवस्थापन गर्ने उक्त स्थान छनौट गरी स्थललाई तारबार गर्ने, आवश्यक उपकरण राख्ने गरि टहरो निर्माण र सो स्थानमा फोहर व्यवस्थापनका लागि डि.पि.आर. लगायत वातावरणिय प्रभाव मुल्यांकन (IEE) लगायतका कार्यहरू गरि कार्य प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय भयो ।

Scanned with CamScanner

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा खजुरा गाउँकार्यपालिका र गाउँ सभाबाट स्विकृत योजनाहरूलाई निरन्तरता दिई समय भित्र कार्यान्वयन गरि सम्पन्न गर्न निर्देशन दिने निर्णय भयो ।

निर्णय नं. ८ प्रस्ताव नं.८ माथि छलफल गर्दा खजुरा गाउँपालिकाबाट गरिने योजना अनुगमन निर्देशिका २०७८ स्विकृतका लागि वठैकमा पेश हुँदा उक्त कार्यविधि सर्वसम्मत स्विकृत भयो ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा खजुरा गाउँपालिकाको कार्य संचालन निर्देशिका २०७८ स्विकृतका लागि बैठकमा पेश हुँदा उक्त निर्देशिका सर्वसम्मत स्विकृत भयो ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा खजुरा गाउँपालिकाबाट उपभोक्ता समिति र निर्माण कम्पनीबाट संचालन भएका योजनाहरू निर्वाचनका कारण कार्य सम्पन्न गर्न असर परेको हुँदा उक्त उपभोक्ता समिति र निर्माण कम्पनीहरूलाई २०७८ असार २० सम्ममा म्याद थप गरि कार्य सम्पन्न गराउने गरि निर्देशन दिने निर्णय भयो ।

निर्णय नं.११ प्रस्ताव नं. ११(क) माथि छलफल गर्दा खजुरा गाउँपालिकाबाट गरिने योजना अनुगमन निर्देशिका २०७८ को अनुगमन समितिमा वडा नं.४ का वडा अध्यक्ष श्री टेक वहादुर रोका र कार्यपालिका सदस्य श्री खातमुल निशा साईलाई अनुगमन समितिको सदस्य तोक्ने निर्णय भयो ।

निर्णय नं.१२ प्रस्ताव नं.११(ख) माथि छलफल गर्दा खजुरा गाउँपालिकाभित्र निजी तथा सार्वजनिक जग्गाको माटो अनधिकृतरूपमा उत्खनन हुँदै आएकोमा माटो उत्खनन सम्बन्धी कार्यविधि तयार गरि आगामी बैठकमा पेश गर्ने निर्णय भयो ।

निर्णय नं.१३ प्रस्ताव नं.११(ग) माथि छलफल गर्दा वडा नं.६ वडा कार्यालयको नवनिर्मित भवनबाट वडा कार्यालयको कार्यसंचालन ल्याउन निम्नानुसार कार्य अगाडि बढाउनु पर्ने देखिएको हुँदा वडा कार्यालयको अधुरो भवन निर्माणका लागि विनियोजित बजेटबाट देहाय अनुसार कार्य अगाडि बढाउने निर्णय भयो ।

क) वडा कार्यालयको परिसर भित्र माटो पटान गर्ने कार्य (प्राविधिक स्टिमेट बमोजिम)

ख) वडा कार्यालयको फर्निचर र फर्निसिंग, ब्याकअप, इन्टरनेट सम्बन्धी कार्य ।

Scanned with CamScanner